# सुसमाचार के हो?

ग्रेग गिल्बर्ट

# सुसमाचार के हो ?

जब ख्रीष्टियानहरूले येशू ख्रीष्टको सुसमाचारको बारेमा कुरा गर्दछन्, वास्तवमा उनीहरूले के भन्न खोजिरहेका छन् । सुसमाचार शब्दको अर्थ असल समाचार हो, त्यसैले जब ख्रीष्टियानहरूले सुसमाचारको बारेमा बोल्दछन् तब उनीहरूले साधारणतया येशूको असल खबरको बारेमा बताइरहेका हुन्छन् ! तर यो अरु असल समाचारजस्तो मात्र होइन, यसले प्रतिकृयाको माग गर्दछ ! हो यो त परमेश्वरले यसो भन्दै दिनुभएको समाचार हो, "शुभ खबर ! तिमीहरू यसरी मेरो न्यायबाट बाँच्न सक्छौं !" यो घोषणालाई तपाईंले बेवास्ता गर्न सक्नुहुन्न ।

## त्यसो भए, येशू ख्रीष्टको बारेमा असल समाचार के हो त ?

सुरूका ख्रीष्टियानहरूले येशूको बारेमा असल समाचार घोषणा गरेदेखि नै यो कुरा निम्न प्रश्नहरू वरिपरि आधारित रहेको छ...

१. हामीलाई कसले बनाउनुभयो, र हामी को प्रति जवाफदेही छौं ?
२. हाम्रो समस्या के हो ?
३. हाम्रो समस्या समाधान गर्नको निम्ति परमेश्वरको समाधान के छ ?
४. उहाँको त्यस समाधानमा म कसरी समावेश हुनसक्छु ?

यी माथि उल्लेख गरिएका प्रश्नहरूका उत्तर ख्रीष्टले दिईसक्नुभएपछिका ख्रीष्टियानहरूले शताब्दियौंदेखि बाइबलको उही सत्यतामा आधारित रहेर यी उत्तरहरू निरन्तर दिइरहेका छन् ।

१. हामी परमेश्वरप्रति जवाफदेही छौँ ।
२. उहाँको विरुद्धमा गरिएको पाप नै हाम्रो समस्या हो ।
३. परमेश्वरको समाधानचाहिँ येशू ख्रीष्टद्वाराको मुक्ति हो ।
४. हामी विश्वास र पश्चातापद्वारा त्यस मुक्तिको भागिदार हुनसक्छौँ ।

अब ती बुँदाहरूलाई यसरी समेटौँ :
परमेश्वर, मानिस, येशू ख्रीष्ट अनि हाम्रो प्रतिउत्तर

## परमेश्वर

येशूको असल समाचारको बारेमा जान्नुपर्ने पहिलो कुरा, “आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो” (उत्पत्ति १:१)। सम्पूर्ण कुरा यही विन्दुबाट सुरू हुन्छ, यदि तपाईंले त्यसलाई नै गलत बुझ्नुभयो भने, त्यसपछिका सबै कुरा गलत हुनेछन् । किनकी परमेश्वरले सबै थोक - हामीलाई पनि - सृष्टि गर्नुभयो, त्यसैले हामी कसरी जिउनुपर्छ भन्ने अधिकार पनि उहाँसँग छ । येशूको असल समाचारको बारेमा बुझ्नको निम्ति तपाईंले यो कुरा बुझ्न आवश्यक हुन्छ ।

तपाईंले परमेश्वरको चरित्रलाई कसरी व्याख्या गर्नुहुन्छ ? असल र प्रेमिलो ? दयालु र क्षमाशील ? यी सबै सत्य हुन् । परमेश्वरले आफैलाई यसरी व्याख्या गर्नुहुन्छ, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ... कमजोरी, अपराध र पापक्षमा गर्ने । अनि परमेश्वर यो पनि भन्नुहुन्छ, तर उहाँले दोषीलाई कुनै किसिमले छोड्नुहुने छैन (प्रस्थान ३४:६-७)। यसले आज मानिसहरूले परमेश्वरको बारेमा विचार गरेका ९० प्रतिशत कुरालाई खण्डन

गर्छ । यस्तो प्रेमिलो परमेश्वरले दोषीलाई सजाय नदिई छोड्नुहुन्न । येशू ख्रीष्टको सुसमाचार कति महिमित र जीवन दिने छ भनी बुझ्नको लागि, हामीले परमेश्वर पवित्र र धर्मी पनि हुनुहुन्छ भनी बुझ्नुपर्दछ । उहाँले पाप बेवास्ता गर्न र सहन सक्नुहुन्न । उहाँले हाम्रा पाप पनि बेवास्ता गर्नुहुन्न ।

## मानवजाति

जब परमेश्वरले पहिलो मानिस आदम र हव्वालाई सृष्टि गर्नुभयो, उहाँले तिनीहरू उहाँको धार्मिक शासनको अधीनमा उहाँप्रति आज्ञाकारी भएर उहाँसँगको संगतिमा सिद्ध आनन्दित जीवन बिताएको चाहनुहुन्थ्यो । जब आदमले परमेश्वरको अवज्ञा गरे र नखानु भनिएको फल खाए, तब परमेश्वरसँगको सम्बन्ध टुट्यो । अझ आदम र हव्वाले परमेश्वरको विरुद्ध विद्रोहको घोषणा गरे । उनीहरूले आफ्नो जीवनमा उहाँको अधिकारलाई इन्कार गरिरहेका थिए ।

अब, केवल आदम र हव्वा मात्र पापका दोषी छैनन् । बाइबलले भन्दछ, सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्... धर्मी कोही छैन, एकजना पनि छैन ( रोमी ३:२३,१०)। र पनि हामी प्रायः हाम्रा पापहरू स्वर्गीय ट्राफिक नियमको उल्लङ्घन गर्नुभन्दा बढी अरु होइन भनेर सोच्दछौँ । त्यसैले किन परमेश्वर पापको कारणले दुखित हुनुहुन्छ भनी सोचेर हामी अचम्मित
हुन्छौं । यो परमेश्वर र उहाँले जीवन दिनुभएकाहरूमाथि उहाँको अधिकारलाई इन्कार गर्नु हो ।

जब तपाईंले पापलाई यसरी बुझ्नुहुन्छ, तबमात्र तपाईंले किन पापको ज्याला मृत्यु हो (रोमी ६:२३) भनी बुझ्नुहुन्छ । यो केवल

शारीरिक मृत्यु मात्र नभएर, हाम्रो पापमय विद्रोही स्वभाव परमेश्वरको उपस्थितिबाट सदाको लागि अलग हुने अवस्था अर्थात् आत्मिक मृत्यु हो । बाइबलले यो सिकाउँदछ कि विश्वास नगर्ने पापीहरूका न्यायको लागि अन्तिम गन्तव्यको रूपमा अनन्त नरक रहेको छ ।

यो बाइबलको गम्भीर फैसला हो : जसरी मानिसको निम्ति एकपटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ (हिब्रू ९:२७)। हामी सबै परमेश्वरद्वारा जवाफदेही ठहराईनेछौं । बाइबलले यो चेतावनी दिन्छ कि, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन (यूहन्ना ३:१८) ।

तर...

## येशू ख्रीष्ट

ख्रीष्ट शब्दको अर्थ अभिषिक्तजन हो, जसले राज्याभिषेक हुदाँ तेलले अभिषेक हुने कुरालाई जनाउँछ । त्यसैले जब हामी येशू ख्रीष्ट भन्छौं, तब हामी येशू राजा हुनुहुन्छ भनी भन्दैछौं । येशूले आफ्नो सार्वजनिक सेवकाई सुरू गर्नुहुँदा उहाँले मानिसहरूलाई "स्वर्गको राज्य नजिकै छ, पश्चाताप गर र सुसमाचारमा विश्वास गर" भनी भन्नुभयो । शताब्दियौंअघि परमेश्वरले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्न एक महान् राजाको रूपमा आउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुभएको थियो । अनि यहाँ येशूले भन्नुभयो, परमेश्वरको राज्य अहिले यहीं छ... म नै त्यो राजा हुँ ।

अन्ततः येशूका अनुयायीहरूले यो महसुस गरे, कि उहाँको लक्ष्य पापी मानिसहरूलाई त्यस राज्यमा ल्याउनु थियो । तिनीहरूले परमेश्वरको विरुद्धमा गरेको विद्रोहको कारण पाउनुपर्ने दण्ड भोग्न, येशू तिनीहरूको ठाउँमा मर्न आउनुभयो । जसरी येशू क्रूसमा मर्नुभयो र हाम्रा सबै पापको गह्रौं भार उहाँको काँधमा पर्‍यो । परमेश्वरले विद्रोही पापीहरू विरुद्ध घोषणा गर्नुभएको मृत्युदण्डको सजायले प्रहार गर्‍यो । र येशू हाम्रो निम्ति मर्नुभयो ।

तर कथा यहीँ सकिँदैन । क्रूसमा टाँगिनुभएको येशू अब मृत हुनुहुन्न । बाइबलले हामीलाई बताउँदछ कि उहाँ चिहानबाट पुनरुत्थान हुनुभएको छ । उहाँ क्रूसमा टाँगिनु भएको येशू राजा मात्र हुनुहुन्न, तर क्रूसमा मर्नुभई पुनरुत्थान हुनुभएको राजा येशू हुनुहुन्छ । येशूको चिहानबाटको पुनरुत्थान येशूले उहाँ को हुनुहुन्छ र उहाँ के गर्न आउनुभएको थियो भनी गर्नुभएको दावी सत्य छ भनी परमेश्वरले गर्नुभएको समर्थन थियो ।

**हाम्रो पापको गर्नु भनेको विरुद्धको फर्कनु**

## हाम्रो प्रतिउत्तर

हाम्रो पापको विरुद्धमा रहेको परमेश्वरको धर्मी क्रोधबाट बाँच्न सकौं भनी हाम्रो ठाउँमा येशू मर्नुभएको सन्देशबाट हामीले के गरेको परमेश्वर चाहनुहुन्छ ? उहाँ हामीले पश्चात्ताप र विश्वासको साथ जवाफ दिएको चाहनुहुन्छ ।

हाम्रो पाप पश्चाताप गर्नु भनेको परमेश्वर विरुद्धको विद्रोहबाट फर्कनु हो । पश्चातापको अर्थ यो होइन कि हामीले आफ्नो पापलाई तुरुन्तै अन्त गर्न सक्छौं । तर यसको अर्थ यो हो कि

अब उप्रान्त हामी हाम्रो पापमा रमाउँदैनौं ।
त्यति मात्र होइन, हामी विश्वाससाथ परमेश्वरतिर पनि फर्कन्छौं । विश्वास भनेको भरोसा हो । यो तपाईंको पापबाट तपाईंलाई बचाउनको लागि पुनरुत्थान हुनुभएको येशूको प्रतिज्ञामा आधारित भरोसा हो । संसारलाई दोषी ठहराउनको लागि परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो । जसले उहाँमाथि विश्वास गर्छ त्यो दोषी ठहरिँदैन... हामी पापकालेखी मरेर धार्मिकताको लेखी जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो... धर्मी जन अधर्मीहरूका निम्ति मर्नुभयो । जसबाट हामी परमेश्वरमा ल्याईन सकौं । (यूहन्ना ३:१६-१८; १ पत्रुस २:२४; ३:१८) ।

**पश्चाताप परमेश्वर विद्रोहबाट हो ।**

यदि परमेश्वरले हामीलाई सदाको लागि धर्मी ठहराउनुहुन्छ भने, त्यो हाम्रो विकल्पको रूपमा खडा हुनयोग्य अरु कसैको कामको आधारमा गर्नुपर्ने हुन्छ। कसैले येशूद्वारा मुक्ति पाउँदा यही हुन्छ : उहाँले पूरा गर्नुभएको काममाथि भरोसा राख्दा, हाम्रा सबै पापहरू येशूमा श्रेय दिइन्छन्, जसले हाम्रो दण्ड भोग्नुभयो, र येशूको सिद्ध धार्मिकता हामीलाई दिनुहुन्छ। विश्वासको अर्थ परमेश्वरबाट धर्मी ठहरिन येशूमा भरोसा गर्नु र हाम्रो स्थानमा खडा हुन उहाँमा मात्र भरपर्नु हो। के तपाईंले परमेश्वरको विरुद्धमा विद्रोह गर्नुभएको छ र उहाँको क्रोधको योग्य हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ ? के येशू ख्रीष्ट तपाईंको पापको साटोमा मर्नुभएको परमेश्वरको पुत्र हुनुहुन्छ ? के तपाईं, उहाँ चिहानबाट पुनरुत्थान हुनुभयो र तपाईंको ठाउँमा तपाईंको विकल्प र उद्धारको निम्ति खडा हुनको लागि जीवित हुनुहुन्छ भनी विश्वास गर्नुहुन्छ ? यदि त्यो तपाईंको हृदयको विश्वास हो भने, तपाईं यसरी प्रार्थना गर्न सक्नुहुन्छ...

येशू, म जान्दछु म आफैंलाई बचाउन सक्दिनँ, र म यो पनि जान्दछु कि पश्चात्ताप गरेर तपाईंमा मात्र आफ्नो विश्वास राख्नेहरूलाई बचाउने प्रतिज्ञा तपाईंले गर्नुभएको छ । मेरा पापहरू क्षमागर्न र अनन्त जीवन पाउन तपाईंमा मेरो भरोसा राख्दछु । मेरो मुक्ति निश्चित गर्नलाई मेरो ठाउँमा मर्नुभएकोलागि धन्यवाद ।

यदि तपाईंले यो प्रार्थना गरिसक्नुभयो भने, अब तपाईंको अघि अहिलेदेखी सुरू गरेर येशूलाई चिन्न पूरा जीवन छ । परमेश्वरको आत्माबाट सिक्ने कुराहरू धेरै छन्, जो राजा येशूमा भरोसा राख्ने सबैमा बास गर्न आउनुहुन्छ।

यदि तपाईं येशू र ख्रीष्टियान विश्वासको बारेमा थप बुझ्न चाहनुहुन्छ भने नजिक रहेको सुसमाचारीय (बाइबलीय) चर्चमा सम्पर्क राख्नसक्नुहुन्छ ।

.........................................

थप जानकारी र सहायता आवश्यक भएमा–
नेपाली ख्रीष्टियान मिडिया, ललितपुर, नेपाल
जी.पी.ओ. ८९७५, ई.पि.सी. २६३९
सम्पर्क नं.: ९८५१३२४०५८ वा ९८०२०२४०५८

ईमेल : nepalchristianmedia@gmail.com

CROSSWAY | GOOD NEWS Tracts | NCM

9 789937 095648

© 2013 by Good News Tracts. Redesigned © 2016. All rights reserved. Printed in Nepal. © Translated and published in Nepali by Nepali Christian Media 2021. Cover design: © Dual Identity. Bible Refrences: © NRV 1997 by Nepal Bible Society.